# ९ येशूले आवश्यक परेकाहरुको आवश्यकता पूरा गर्न सेवा गर्नुहुन्छ

***यस अध्यायका मूल पदहरू:*** मर्कूस ५:२२-४३, मर्कूस १०:४६-५२, यूहन्ना ५:१-९, भजन १३९:१-१३, मर्कूस २:१-१२ र प्रेरित ९:३६-४२।

***यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:*** "सारा गाउँ र सहरहरूमा येशू डुल्नुभयो। उहाँले यहूदीहरूको शभाघर अर्थात् सिनागगमा गएर सिकाउनुभयो। उहाँले परमेश्वरको राज्यको बारेमा सुसमाचार सुनाउनुभयो। अनि उहाँले प्रत्येक रोग र बिमारलाई निको पार्नुभयो" (मत्ती ९:३५ रूपान्तरित)।

अफ्रिका देशको एक जना महिलाले अवकास पाएतापनि मानिसहरूको सेवा गर्न उनले रोक्न चाहिनन्। आफू कामबाट रिटायर्ड वा अवकास पाइयो अब केही गर्नुपर्दैन त्यसै बसेर खाने भन्ने मनस्थितिमा उनी थिएनन्। उनी रहेकी गाउँमा धेरै मानिसहरू एचआइभी र एडस् रोगले ग्रस्त भएका थिए र तिनीहरूको सेवा गर्न आवश्यक थियो। सबैभन्दा आवश्यकता भनेको एडस रोग लागेका टुहुराटुहुरीहरूलाई पौष्टिक खानाहरूको आवश्यक थियो। सन् २००२मा उनी र उनका चर्चका मानिसहरूले हप्ताको छ दिनसम्म बालबालिकाहरूलाई भरपूर खान दिन थाले। सुरूमा तिनीहरूले ५० जना बालबालिकाहरूलाई ख्वाउँथ्यो। सन् २०१३सम्ममा तिनीहरूले दिनको ३०० जना बालबालिकाहरूलाई ख्वाउन थाले। अनि बालबालिकाहरू दिनभर भौंतरिएर बस्ने भएकाले तिनीहरूले त्यहाँ पूर्वप्राथमिक कक्षाहरू संचालन गर्न थाले। अहिले ४५ जना बालबालिकाहरू त्यस स्कुलमा जान्छन्। अरू सेवाकार्यहरूमा तिनीहरूले आड्राबाट पाएका लुगाफाटाहरू, आफ्नो बगैंचामा उमारेका तरकारी र मकैहरू बाँड्ने र बिरामीहरूको सेवासुश्रुषा गर्ने काम थियो। तिनीहरूले महिलाको निम्ति सिपमूलक कार्यक्रमहरू सुरू गरे। आफूले जानेका हस्तकलाहरू एक आपसमा सिकाए जसले गर्दा तिनीहरूले आयआर्जन गर्न सकेका थिए। येशूको प्रेमको अनुशरण गरेर तिनीहरूले सुरू गरेको कामले गर्दा त्यहाँ नयाँ चर्चको स्थापना भयो। सुरूमा केवल पाँच जनामात्र विश्वासीहरू थिए। तर सन् २०१२सम्ममा १६० जना विश्वासीहरू चर्चमा परमेश्वरको आराधना गर्न थालेका थिए। त्यही वर्षमा त्यहाँ चर्च भवन र टुहुराटुहुरीहरू बस्ने घर बनाउन आर्थिक सहायता मिलेको थियो।

सरकारी अफिसमा वा मिशनमा २० वर्ष तिस वर्ष वा ४० वर्ष काम गरें अब काम गर्न पुग्यो भनेर हात बाँडेर नबस्ने मनस्थिति लिएका त्यस महिलाले गर्दा उनी रहेको समूदायमा भारि परिवर्तन ल्याउन सफल भएको थियो। आवश्यक पर्नेहरूको आवश्यकतामा सेवा गर्ने त्यो निति येशूभक्त हुँ भनेर दावी गर्ने सबैको निम्ति प्रभावकारी तथा अनुकरणीय उदाहरण हुनुपर्छ।

## १. परमेश्वरकै सेवाकार्य गरिरेको बेलामा कसैले हस्तक्षेप गर्दछ (मर्कूस ५:२२-४३)

येशू कपर्नुमको समुद्री किनारमा डुङ्गाबाट ओर्ल्हनुमात्र भएको थियो। त्यसबेला उहाँका चेलाहरू पनि उहाँको साथमा भर्खर त्यस शहरको पारिपट्टि रहेको गाउँमा भएको त्रासपूर्ण वातावरणबाट फर्केर आएका थिए। त्यहाँको डेकापोलिस क्षेत्रको समुद्रको किनारमा तिनीहरू ओर्ल्हन्दा त्यहाँको चिहानमा चहार्दै गरेको एक जना अशुद्धआत्माले ग्रसित मानिस उहाँहरू भएको ठाउँमा हुट्टिएर आएको थियो। त्यसबेला चेलाहरू अत्यन्त आतङ्कित भएका थिए। तर येशूले त्यस मानिसबाट अशुद्ध आत्माहरू निकालेर स्थितिलाई साम्य पार्नुभएको थियो (मर्कूस ५)। डरले थरथर कामेका चेलाहरू त्यस डेकापोलिस गाउँबाट कपर्नुममा आइपुगेपछि संतोषको सास फेरेका थिए। तर त्यहाँ सधैं जसो हुलका हुल मानिसहरू येशूको दर्शन गर्न जम्मा भएका थिए। डुङ्गाबाट ओर्ल्हेर आफ्नो बाटो लाग्न खोज्दा त्यस हुलमा मानिसहरूले येशूको नजिक पुग्न ठेलमठेला गरेका थिए। जब भिंडका साथ येशू हिंड्दै हुनुहुन्थ्यो त्यसबेला एक जना सिनिगग अर्थात् यहूदी शभाघरको अध्यक्ष उहाँको सहायता माग्न उहाँकहाँ आए।

त्यस अध्यक्षको घरमा हुलको ठेलमठेला गर्दै येशू जाँदै हुनुहुन्थ्यो तब बाटोमा उहाँ अकस्मात रोक्नुभयो। उहाँलाई कसैले हस्तक्षेप गरेको थियो। त्यो हस्तक्षेप कसले गऱ्यो? परमेश्वरको निम्ति सेवाकार्य गरिरहेको बेलामा हामीलाई कसैले हस्तक्षेप गऱ्यो भने हामीले के गर्नुपर्छ भनेर त्यस घट्नाले हामीलाई के सिकाउँछ? त्यस कथामा येशूको निति कसरी उघारेको छ? हेर्नुहोस्, मर्कूस ५:२१-४३ "२१ जब येशू फेरि डुङ्गामा समुद्रको पारिपट्टि जानुभयो, तब एउटा ठूलो भीड उहाँको वरिपरि भेला भयो। उहाँचाहिँ समुद्रको किनारमा हुनुहुन्थ्यो। २२ सभाघरका शासकहरूमध्ये याइरस नाउँका एक जना उहाँकहाँ आए, र उहाँलाई देखेर उहाँका पाउमा घोप्टो परे, २३ र यसो

भनेर बिन्ती गरे, "मेरी सानी छोरी मर्न लागेकी छे, आएर त्यसमाथि तपाईंका हात राखिदिनुहोस्, र त्यो निको होस् र बाँचोस्।" २४ तब येशू तिनीसँग जानुभयो। एउटा ठूलो भीड उहाँको पछि लाग्यो, र मानिसहरू उहाँको वरिपरि ठेलमठेला गर्न लागे। २५ अनि बाह्र वर्ष अघिदेखि रगत बग्ने रोग भएकी एउटी स्त्री त्यहाँ थिई। २६ त्यसले धेरै वैद्यहरूका हातबाट अनेक कष्ट पाएर आफूसँग भएका सारा धन-दौलत खर्च गरेर पनि निको नभई बरु झन् खराब हालतमा पुगेकी थिई। २७ येशूको विषयमा त्यसले सुनेकी थिई, र भीड़को पछिल्तिरबाट आएर उहाँको वस्त्र त्यसले छोई। २८ किनकि त्यसले मनमनै भनी, "मैले उहाँको वस्त्र मात्र छोएँ भने पनि म निको हुनेछु।" २९ अनि तुरुन्त त्यसको रगत बग्ने बन्द भइहाल्यो, र आफ्नो शरीरको रोग निको भएको त्यसले थाहा पाई। ३० आफूबाट शक्ति बाहिर निस्केको झट्टै येशूले थाहा पाएर भीड़मा पछिल्तिर फर्केर सोध्नुभयो, "कसले मेरो वस्त्र छोयो? ३१ चेलाहरूले उहाँलाई भने, "भीड़ले ठेलमठेला गरेको त तपाईंले देख्नुभएकै छ, र पनि तपाईं भन्नुहुन्छ "कसले मलाई छोयो? ३२ उहाँलाई छुने को हो भनी उहाँले चारैतिर हेर्न लाग्नुभयो। ३३ तब आफूलाई जे भएको थियो सो थाहा पाएर त्यो स्त्री डरले काम्दै आएर येशूको अगि घोप्टो परी, र उहाँलाई सबै सत्य कुरा भनिदिई। ३४ तब उहाँले त्यसलाई भन्नुभयो, "ए छोरी, तिम्रो विश्वासले तिमीलाई निको पारेको छ। शान्तिसाथ जाऊ। तिम्रो रोग निको होस्।" ३५ उहाँ बोल्दैहुनुहुँदा, शासकको घरबाट मानिसहरू आएर भने, "तपाईंकी छोरी त मरी। गुरुज्यूलाई अब अरू कष्ट किन दिनुहुन्छ? ३६ तर तिनीहरूले गरेका कुराहरूलाई ध्यान नदिई येशूले सभाघरका शासकलाई भन्नुभयो, "नडराऊ, विश्वास मात्र गर।" ३७ अनि उहाँले पत्रुस, याकूब र याकूबका भाइ यूहन्नालाई बाहेक अरू कसैलाई पनि आफ्नो साथ आउन अनुमति दिनुभएन। ३८ उहाँहरू सभाघरका शासकको घरमा आउनुभयो, अनि उहाँले खैलाबैला गर्नेहरू, रुनेहरू र ठूलो सोरले बिलौना गर्नेहरूलाई देख्नुभयो। ३९ भित्र पसेर उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन खैलाबैला गर्छौ र रुन्छौ? ठिटी मरेकी छैन, तर सुतिरहेकी छे।" ४० तर तिनीहरू उहाँको कुरामाथि हाँसे। तब उहाँले तिनीहरू सबैलाई बाहिर निकाल्नुभयो, र ठिटीका बुबा र आमा र उहाँसँग हुनेहरूलाई साथमा लिएर ठिटी भएको ठाउँभित्र जानुभयो। ४१ अनि ठिटीको हात समातेर उहाँले त्यसलाई भन्नुभयो, तालिता कूमी, जसको अर्थ हो, "ए बालिका, म तिमीलाई भन्दछु, उठ।" ४२ अनि ठिटी

तुरुन्तै उठी,र हिँड्डुल गर्न लागी। त्यो बाह्र वर्षकी थिई। अनि त्यति नै बेला तिनीहरू आश्चर्यचकित भए। ४३ उहाँले तिनीहरूलाई यो कसैले थाहा नपाओस् भन्ने कड़ा आज्ञा दिनुभयो। अनि बालिकालाई चाहिँ केही खान दिनू भनी तिनीहरूलाई भन्नुभयो।"

हामी इमान्दारिकतासाथ भनौं। हामी काम गरिरहेको बेलामा कसैले हामीलाई अचानक हस्तक्षेप गऱ्यो भने के हामी रुचाउँछौं? हामीहरू आआफ्नो काममा व्यस्त हुन्छौं। हामीले गर्नुपर्ने कामहरू धेरै छन्। जाने ठाउँहरू धेरै छन्। काम सिध्याउनै परेको छ। हामीहरूले आफ्नो लक्ष्यमा पुग्न योजनाहरू बनाउँछौं र त्यसलाई सम्पन्न गर्न हामी चाहन्छौं। यस्तो परिस्थितिमा कसैले हस्तक्षेप गऱ्यो भने हाम्रो निम्ति असह्य हुन सक्छ।

त्यसैकारण हामीले नसोचेको वा नचिताएको बेलामा कसैले सहयोगको निम्ति आयो भने त्यसले हामीलाई झर्को पनि लाग्न सक्छ। कहिलेकाहीं तपाईंले आफ्नो काममा व्यस्त भइरहेको बेलामा तपाईंले तत्कालै रोक्न पनि सक्नुहुन्न। फेरि कतिपटक हामीले सहयोग गर्न नचाहेतापनि हामीले गरिरहेको कामलाई त्यसै रोकेर सहयोग गर्न बाध्य हुनुपरेको हामी अनुभव गरेकाछौं?

तर एउटा कुरो हामीले ख्याल गर्नुपर्छ। मानिसहरूको आवश्यकताको सेवा गर्ने ठूलो अवसर प्रायजसो हामीहरूले गरिरहेको काममा हस्तक्षेप आउँदा हुन्छ। कतिपय समयमा हामीहरूले हामीहरूको काममा कसैले बाधा नदिउन् भनि चाहन्छौं। हामीहरूले गरेका योजनाहरूलाई कसैले यताउति गर्न खोज्यो भने हामीलाई झोक चल्न सक्छ। तर जब हामीले येशूको सेवाकार्यको जीवनीलाई ख्याल गऱ्यौं भने कतिपय अबस्थामा मानिसहरूको आवश्यकताको सेवामा उहाँ व्यस्त भएको बेलामा हस्तक्षेप गर्दा पुऱ्याउनुभएको थियो। उहाँले धैर्यताका साथ उहाँकहाँ सहयोगको निम्ति आउने सबैको सेवा गर्नुभएको थियो। यदि यस कुरामा आत्मसात् गर्न सक्यौं भने हामीहरूले गर्नुपर्ने सेवाको धेरै अवसरहरू हस्तक्षेपको पोशाक लगाएर आउन सक्छन्। असल सामरीको कथा हामीले हेरिसकेकाछौं। त्यो सामरी कहाँ गइरहेको थियो र के गर्न गइरहेको थियो हामी कसैलाई थाहा छैन। तर उसले आफ्नो यात्रालाई रोकेर चोरहरूको मारमा परेको मानिसको हेरचाह गर्न पुगेको थियो।

आफ्नो काममा कसैले बाधा दियो वा हस्तक्षेप गऱ्यो भन्ने कुराको चर्चा गर्दा असल सामरीको कथालाई ज्वलन्त उदाहरणको रूपमा लिन सक्छौं।

तपाईंले काम गरिरहेको समयमा कसैले सहयोग मागेको अन्तिम पटक कहिले थियो र तपाईंले त्यसलाई कसरी लिनुभयो?

## २. म तिमीलाई के गरूँ? (मर्कूस १०:४६-५२)

मर्कूस १०:४६-५२ र यूहन्ना ५:१-९को दुवै कथाहरूमा उहाँको सहयोग माग्नेहरूलाई येशूले प्रश्न गर्नुभएको थियो। उहाँले किन प्रश्न गर्नुभयो? पढ्नुहोस्: मर्कूस १०:४६-५२ "४६ त्यसपछि उहाँहरू यरीहोमा आउनुभयो, र उहाँ आफ्ना चेलाहरू र ठूलो भीड़सहित यरीहोबाट निस्कनुहुँदा तिमैको छोरो बारतिमै, एक जना अन्धो भिखारी, बाटोको किनारमा बसिरहेको थियो। ४७ जब त्यसले उहाँ नासरतका येशू हुनुहुन्छ भन्ने सुन्यो, तब कराएर त्यसले भन्न लाग्यो, "हे येशू, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्।" ४८ तब धेरैले त्यसलाई चूप लागोस् भनेर हप्काए। तर त्यो झन् चर्को गरी कराउन लाग्यो, "हे दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्।" ४९ तब येशू टक्क अड़िनुभयो र भन्नुभयो, "त्यसलाई बोलाओ।" अनि तिनीहरूले त्यस अन्धालाई यसो भनेर बोलाए, "ढाड़स गर, उठ्, उहाँले तिमीलाई बोलाउँदैहुनुहुन्छ।" ५० अनि आफ्नो खास्टो फालेर त्यो जुरुक्क उठ्यो र येशूकहाँ आयो। ५१ येशूले त्यसलाई भन्नुभयो, "तिमी के चाहन्छौ, म तिम्रो निम्ति के गरूँ? " त्यस अन्धो मानिसले उहाँलाई भन्यो, "रब्बी, म दृष्टि पाऊँ।" ५२ अनि येशूले त्यसलाई भन्नुभयो, "तिम्रो बाटो लाग। तिम्रो विश्वासले तिमीलाई निको पारेको छ।" तब तुरुन्तै त्यसले दृष्टि पायो, र बाटोमा येशूको पछिपछि लाग्यो।" र यूहन्ना ५:१-९ "१ त्यसपछि यहूदीहरूको चाड थियो, र येशू यरूशलेममा जानुभयो। २ यरूशलेममा भेड़ा-ढोकाको नजिक पाँच वटा दलान भएको एउटा जल-कुण्ड छ, जसलाई हिब्रू भाषामा बेथस्दा भनिन्छ। ३ त्यहाँ अनेक रोगीहरू, अर्थात् अन्धा, लङ्गड़ा, पक्षाघातीहरू पल्टिरहन्थे। [तिनीहरू पानी कति बेला छचल्किन्छ भनेर पर्खिरहन्थे। ४ किनभने परमप्रभुका एउटा दूतले बेला-बेलामा जल-कुण्डमा ओर्लेर पानी हल्लाइदिन्थे, र पानी छचल्किएपछि जो पहिला पानी भित्र पस्थ्यो, जस्तै रोगले ग्रस्त भए पनि, त्यो निको भइहाल्थ्यो।] ५ त्यहाँ अठतीस वर्षदेखि बिरामी भएको एक जना मानिस थियो। ६ येशूले त्यसलाई त्यहाँ पल्टिरहेको देख्नुभयो अनि लामो समयदेखि त्यो यस दशामा रहेछ भनी जानेर येशूले त्यसलाई भन्नुभयो, "के तिमी निको हुन चाहन्छौ?" ७ रोगीले उहाँलाई भन्यो "हजूर, जुन बेला पानी छचल्काइन्छ मलाई जलकुण्डमा हालिदिने मेरो

कोही मानिस छैन, म जाँदाजाँदै मभन्दा अगाडि अर्को मान्छे पानीमा ओर्लिहाल्छ।" ८ येशूले त्यसलाई भन्नुभयो, "खड़ा होऊ, र आफ्नो ओछ्यान उठाऊ, र हिंड़।" ९ तुरुन्तै त्यो मानिस निको भयो, र आफ्नो ओछ्यान बोकी ऊ हिंड़िहाल्यो। त्यो दिन शबाथ-दिन थियो।"

दुवै विवरणमा येशूले तिनीहरूलाई के चाहन्छ भनेर सोध्नुभएको थियो। येशूलाई स्पष्ट थाहा थियो तिनीहरूले के चाहेका थिए। तिनीहरूले आफूलाई चाहेको कुरामा आनकानी गरेतापनि तिनीहरूको आवश्यकता येशूलाई थाहा नहुने त होइन।

ती मानिसहरूलाई येशूले प्रश्न सोधेर उहाँले तिनीहरूलाई आदर देखाउनुभएको थियो। तिनीहरूले के भनिरहेका थिए सो उहाँले सुनिरहनुभएको थियो भनेर आफ्नो शिष्ट व्यवहार देखाउनुभएको थियो। तिनीहरूको दुःखलाई सुनेर तिनीहरू कस्तो किसिमको दुःखसँग संघर्ष गरिरहेका थिए भनेर उहाँले तिनीहरूप्रति चासो देखाउनुभएको थियो भन्ने तिनीहरूलाई प्रत्याभूति दिन चाहनुभएको थियो। कतिपय समयमा मानिसहरूले आफ्नो दुःख सुन्ने मानिसको चाहना गरेका हुन्छन्। कतिपय मानिसहरू एक्लोपनाको महसुस गरिरहेका हुन्छन्। तिनीहरूसँग कुराकानी गर्दामात्र तिनीहरू खुशी हुनसक्छन्। कतिपय समयमा कोही आफ्नो कष्टसँग संघर्ष गरिरहेको छ भने त्यो कसैलाई बाँड्दा आफूले राहत पाएका महसुस गरेको हुन्छ।

यो एकछिन सोच्नुहोस्। यदि तपाईं कुनै डाक्टरकहाँ जानुभयो, तपाईंसँग कुनै कुराकानी नै नगरि तपाईंलाई चाहेको औषधी लेखेर बाहिर पठाउनुभयो भने तपाईंलाई कस्तो लाग्छ होला? त्यस डाक्टरलाई तपाईंलाई के भइरहेको छ र तपाईंको आवश्यकता के छ सो को ज्ञान उसलाई साँच्चिक्कै छैन भनेर त्यसप्रति शङ्का गर्ने ठाउँ तपाईंले पाउनुहुन्छ। तपाईंले भन्न सक्नुहुन्छ, "ए, त्यो डाक्टरले मलाई के भइरहेको छ सो सोध्दा पनि सोधेनन्, मेरो छाती पनि जाँचेनन् न त मेरो ब्लड प्रेसर नै हेऱ्यो...।" कुनै पनि बिरामीहरूलाई औषधी दिनुभन्दा अघि तिनीहरूलाई के भइरहेको छ सो सोधेर रोग ठम्याउनुपर्छ भन्ने चिकित्सकहरूले पालन गर्नुपर्ने एक महत्त्वपूर्ण नियम हो।

मेडिकल मिसिनेरी वा उपचारको माध्यमबाट सुसमाचार सुनाउने काम गर्नेहरूले पनि त्यही निति अपनाउनुपर्छ। तिनीहरूले मानिसको हित र तिनीहरूको सम्पूर्ण आवश्यकताहरूको पहिचान गर्ने मेडिकल मिसिनेरीको लक्ष्य हुनुपर्छ। कतिपय चर्चका अगुवाहरूलाई सबै कुरा थाहा छ भनेर ढुक्क हुन्छन्।

वा मानिसहरूलाई के आवश्यकता छ भनेर अनुमान गरेर तिनीहरूकहाँ चर्च पुगेको हुन्छ। जब हामीहरूले मानिसहरूकहाँ गएर तिनीहरूको आवश्यकताको जानकारी लियौं भने हामीहरूले तिनीहरूप्रति चासो देखाएको अनुभव तिनीहरूले थाहा पाउँदछ। मानिसहरूको आवश्यकता अनुसार सेवा गर्ने अवसर पनि हामी पाउँछौं र तिनीहरूको सराहना पनि हामी पाउँछौं। त्यसो गर्दा हामीहरूले नयाँ साथीहरू पनि बनाउँछौं।

"मानिसहरूलाई भेटेर तिनीहरूको आवश्यकताप्रति व्यक्तिगत चासो यदि तपाईंले देखाउन सक्नुभयो भने तपाईंको घोर बिरोध गर्नेहरू पनि तपाईंको काम देखेर पग्लिन सक्छन्। जब यस संसारमा येशू रहनुभएको थियो उहाँले पुरुष र महिलाहरूप्रति व्यक्तिगतरूपमा चासो देखाउनुभएको थियो। जहाँ जहाँ उहाँ जानुभयो त्यहाँ त्यहाँ उहाँ मेडिकल मिसिनेरी भएर काम गर्नुभएको थियो। जसरी उहाँले असल काम गरेर समय बिताउनुभयो त्यसरी नै हामीले पनि अरूको हित चिताउँदै असल काम गर्दै हाम्रो समय बिताउनुपर्दछ। भोकाएकाहरूलाई खान देऊ, नाङ्गोलाई लुगा देऊ र शोक गर्नेहरूलाई सान्त्वना देऊ भनेर हामीलाई निर्देशन दिइएको छ।"-एलेन जी ह्वाइट, *वेलफेयर मिनिस्त्री,* पृ. १६२बाट रूपान्तरित।

हामीहरूको गुनासो पोखाउन कतिपयलाई समस्या हुँदैन। तर अरूको गुनासो अझ राम्ररी सुन्न हामी कसरी सिक्ने?

## ३ गहिरो आवश्यकता (भजन १३९:१-१३)

आफू सृष्टिकर्ता हुनुभएको हैशियतले मानिसहरूको बारेमा तिनीहरूलाई भन्दा उहाँलाई धेरै थाहा छ। येशूसँगको भेटमा मानिसहरूले बिभिन्न समयमा के सोचिरहेका थिए भनेर उहाँलाई थाहा थियो भनेर सुसमाचारका लेखकहरूले उल्लेख गरेका छन् (उदाहरणमा मर्कूस २:८)। तिनीहरूले गरेका बिचारहरूमात्र होइन तिनीहरूको इतिहास पनि उहाँलाई थाहा थियो भनेर ती कथाहरूले बताउँछ (यूहन्ना ४:१८)।

हाम्रो बारेमा परमेश्वर के भन्नुहुन्छ भनेर भजन १३९ले कसरी बताउँछ, हेर्नुहोस्: "१ हे परमप्रभु, तपाईंले मेरो पारख गर्नुभएको छ, अनि मलाई चिन्नुहुन्छ। २ तपाईंले मेरो बसाइ र मेरो उठाइ जान्नुहुन्छ, टाढैबाट मेरो विचार बुझ्नुहुन्छ। ३ तपाईंले मेरो बाहिरी जवाइ र मेरो सुताइ स्पष्टसँग जान्नुहुन्छ, र मेरा सबै आचरणहरूसँग तपाईं परिचित हुनुहुन्छ। ४ मेरो

जिब्रोमा कुनै कुरा आउन अघि नै, हे परमप्रभु, तपाईंले त्यो सम्पूर्ण रूपले जान्नुहुन्छ। ५ तपाईंले मलाई अगि र पछि घेर्नुभएको छ, र आफ्नो बाहुली ममाथि राख्नुभएको छ। ६ यस्तो ज्ञान मेरो निम्ति साह्रै आश्चर्यपूर्ण छ, यो प्राप्त गर्न मेरो निम्ति अति गाह्रो छ। ७ तपाईंका आत्माबाट म कहाँ अलग्ग जान सक्छु? अथवा तपाईंको उपस्थितिबाट म कहाँ भाग्न सक्छु? ८ म आकाशमा गएँ भने, तपाईं त्यहाँ हुनुहुन्छ, गहिराइमा आफ्नो ओछ्यान बनाएँ भने, त्यहाँ पनि तपाईं हुनुहुन्छ। ९ प्रभातको पखेटामा उड़ेर समुद्रको पल्लो किनारमा गएर बसें भने पनि, १० त्यहाँ पनि तपाईंको बाहुलीले मलाई डोऱ्याउनेछ, र तपाईंको दाहिने बाहुलीले मलाई पक्रिराख्नेछ। ११ यदि म भनूँ, "अँध्यारोले मलाई छोप्नेछ, अनि प्रकाश मेरो चारैतिर रातको अन्धकार हुनेछ," १२ तापनि अन्धकार तपाईंको निम्ति अँध्यारो हुनेछैन, रात त दिनको उज्यालोजस्तै चम्कनेछ, किनभने अन्धकार तपाईंको निम्ति ज्योतिजस्तै हो। १३ किनकि तपाईंले नै मेरा भित्रका अङ्ग-प्रत्यङ्ग बनाउनुभयो, तपाईंले मलाई मेरी आमाको गर्भमा रच्नुभयो। १४ म तपाईंको प्रशंसा गर्छु, किनकि म भयानक र अद्भुत रीतिले बनाइएको छु। तपाईंका कार्यहरू अद्भुत छन्, र त्यो कुरा म पूर्ण रूपले जान्दछु। १५ जब अदृश्यमा म बनिँदैथिएँ, मेरो रचना तपाईंबाट लुकेको थिएन। अनि जब म पृथ्वीको गहिराइमा रचिँदैथिएँ, १६ तपाईंका आँखाले मेरो नबनिएको शरीरलाई देखे। मेरो निम्ति नियुक्त गरिएको आयु तपाईंको पुस्तकमा लेखिएको थियो। त्यसको एउटै कुरा पनि पूर्ण हुन अघि सब लेखिएका थिए। १७ हे परमेश्वर, मेरो निम्ति तपाईंका विचारहरू कति बहुमूल्य छन्! तिनको सङ्ख्या कति महान् छ! १८ तिनलाई मैले गन्नुपरेमा, ती बालुवाका कणहरूभन्दा बढ़ी हुनेथिए। जब म बिउँझन्छु, तब म तपाईंसँगै हुन्छु। १९ हे परमेश्वर, दुष्टहरूलाई विनाश गर्नुभए कति असल हुनेथियो! हे रक्तपिपासु मानिस हो, मबाट दूर होओ! २० तिनीहरू तपाईंको विरुद्धमा दुष्ट नियतले बोल्छन्,र तपाईंका शत्रुहरूले तपाईंका नाउँको दुरुपयोग गर्छन्। २१ हे परमप्रभु, तपाईंलाई घृणा गर्नेलाई के म घृणा गर्दिनँ? र तपाईंको विरुद्धमा उठ्नेहरूलाई, के म हेलाको दृष्टिले हेर्दिनँ? २२ तिनीहरूका निम्ति मेरो हृदयमा घृणाबाहेक अरू केही छैन, म तिनीहरूलाई मेरा शत्रु ठान्दछु। २३ हे परमेश्वर, मलाई जाँच्नुहोस्, र मेरो हृदयलाई जान्नुहोस्। मलाई जाँच्नुहोस्, र मेरा चिन्ताहरूलाई जान्नुहोस्। २४ हेर्नुहोस्, ममा कुनै खराब चाल छ कि, र मलाई अनन्तको मार्गमा डोऱ्याइदिनुहोस्।"

**मानिसहरूको आवश्यकता येशूलाई थाहा थियो भनेर अघिल्लो पाठमा हेऱ्यौं। उहाँलाई केवल थाहा मात्र थिएन तिनीहरूको आवश्यकताको पनि सेवा गर्नु भयो। मानिसहरूले सोचेको सतह भन्दा गहिरो रूपमा येशूलाई तिनीहरूको आवश्यकता थाहा छ। यो तथ्यलाई पक्षघात भएको मानिसलाई निको पार्नुहुँदा देखाउँदछ। त्यस मानिसलाई शारीरिक चङ्गाइको आवश्यकता थियो तर त्यो भन्दा गहिरो आवश्यकताको पहिचान येशूले गर्नुभएको थियो। त्यसैलाई नै मध्यनजरमा राखेर उसलाई उठेर ओछ्यान बोक र हिंड भन्नुभन्दा अघाडि उहाँले भन्नुभएको थियो, "बाबु, तिम्रा पापहरू क्षमा भयो" (मर्कूस २:५)।**

मर्कूस २:१-१२मा उक्त पक्षघातले ग्रस्त भएको मानिसको कथा उल्लेख गरिएको छ। यस मानिसको शारीरिक रोगभन्दा उसको जीवनमा गहिरो घाऊ थियो। त्यो के होला? त्यो मानिसमा भएको गहिरो आवश्यकता नै हामीले सेवा गर्न चाहने मानिसहरूको समस्या हुनसक्छ भनेर हामीले कसरी बुझ्ने? हेर्नुहोस्: "१ केही दिनपछि उहाँ कफर्नहुम फर्कनुभयो, अनि मानिसहरूले उहाँ घरमा हुनुहुन्छ भन्ने सुने। २ अनि यति धेरै मानिसहरू जम्मा भए कि तिनीहरू त्यहाँ अटाएनन्, यहाँसम्म कि ढोकाको बाहिर पनि ठाउँ भएन, र उहाँले तिनीहरूलाई परमेश्वरको वचन प्रचार गर्दैहुनुहुन्थ्यो। ३ अनि चार जनाले बोकेको एक जना पक्षाघातीलाई लिएर मानिसहरू उहाँकहाँ आए। ४ भीड़को कारणले येशूको नजिक त्यस मानिसलाई पुऱ्याउन नसक्दा तिनीहरूले उहाँ हुनुभएको ठाउँको माथिको छाना खोले, र उघारिएको ठाउँबाट पक्षाघातीलाई त्यो सुतेको खाटसमेत तल ओह्रालिदिए। ५ येशूले तिनीहरूको विश्वास देखेर त्यस पक्षाघातीलाई भन्नुभयो, "ए छोरा, तिम्रा पापहरू क्षमा भए।" ६ तर त्यहाँ केही शास्त्रीहरू बसिरहेका थिए, र आफ्ना मनमा यसो भनेर विचार गरिरहेका थिए, ७ "यस मानिसले किन यसरी बोल्दछ? यो त ईश्वर-निन्दा हो। केवल एक, अर्थात् परमेश्वरले बाहेक अरू कसले पाप क्षमा गर्न सक्छ? ८ अनि तिनीहरू आपसमा यसरी विचार गर्दैछन् भन्ने येशूले तुरुन्तै आफ्नो आत्मामा थाहा पाएर तिनीहरूलाई भन्नुभयो, "किन तिमीहरू आफ्ना मनमा यस्तो विचार गर्दैछौ? ९ पक्षाघातीलाई "तिम्रा पापहरू क्षमा भए" भन्नु, कि "उठ, तिम्रो खाट उठाएर हिंड़" भन्नु, कुनचाहिँ सजिलो छ? १० तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भनी तिमीहरूले जान।" तब उहाँले त्यस पक्षाघातीलाई भन्नुभयो, ११ "म तिमीलाई भन्दछु, उठ, तिम्रो खाट उठाऊ, र घर जाऊ।" १२ त्यो उठ्यो, र तुरुन्तै खाट उठाएर सबैका सामुन्नेबाट गइहाल्यो।

यहाँसम्म कि, सबै जना आश्चर्य-चकित भए, र "हामीले यस्तो त कहिल्यै देखेका छैनौं" भन्दै तिनीहरूले परमेश्वरको महिमा गरे।"

**त्यस पक्षघाती मानिसलाई शारीरिक बिमारभन्दा अर्को कुनै गहिरो मामिला छ भनेर येशूलाई थाहा थियो। "शारीरिक अस्वस्थता भन्दा पापको भारबाट त्यस पक्षघाती मानिस मुक्त हुनु आवश्यकता थियो भनेर येशूलाई थाहा थियो। यदि त्यस पक्षघाती मानिसले येशूलाई भेट्न पायो र क्षमाको प्रतिज्ञा पायो र स्वर्गको सम्बन्धमा शान्ति भएको अनभूति गर्न सकियो भने तिनी संतुष्टसँग मर्न वा जीउन आफू तयार भएको निर्णय गरेको थियो। उसले आफ्नो चाहना परमेश्वरको इच्छामा छोड्न चाहेको थियो।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. २६७बाट रूपान्तरित।**

**यो कुरा स्वीकार्नै पर्छ कि अरू मानिसहरूको जीवनको बारेमा येशूले जस्तो गहिरोसँग थाहा पाउन हामी असमर्थ छौं। तर एउटा कुरो त निश्चय छ, जुन मानिसहरूको सेवा हामीले गरिरहेका छौं ती मानिसहरूको जीवनलाई पापले क्षतबिक्षत पारेको छ जसरी हामीलाई पनि पारिएको छ। हामीलाई जस्तो तिनीहरूलाई पनि अनुग्रहको खाँचो छ, परमेश्वरको जीवनदिने प्रतिज्ञाहरूको खाँचो छ, माया गर्ने परमेश्वरको बारेमा आत्म ज्ञान हुनु जरुरी छ, तिनीहरू पनि परमेश्वरको सतहमा आउन सकुन् भनेर तिनीहरूको निम्ति येशू मर्नुभयो भन्ने शुभसमाचारको ज्ञान तिनीहरूलाई खाँचो छ र सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ जसले जहिले पनि मानिसको उत्तम हितमात्र चाहनुहुन्छ भन्ने ज्ञानको खाँचोछ।**

परमेश्वरले तपाईँलाई कस्तो प्रेम गर्नुभयो र उहाँले तपाईँलाई दिएको मुक्तिको ज्ञान थाहा पाएर तपाईँ कतिको खुशी हुनुहुन्छ सो सोच्नुहोस्। तपाँईले पाएको प्रतिज्ञा र परमेश्वरको प्रेम अरूले पनि अनुभव गर्न सकुन् भनेर तपाईँले कसरी चासो देखाउने?

## ४ योप्पाको डोरकास (प्रेरित ९:३६-४२)

योप्पा भन्ने शहरमा एक जना डोरकास भन्ने महिला थिइ। त्यस शहरमा उनले के आवश्यकता देखी? "विश्वासीहरू बिशेष गरेर बिधवीहरू जम्मा भएका थिए" भन्नाको अर्थ के हो? पढ्नुहोस् प्रेरित ९:३६-४२ "३६ योप्पा नगरमा तबीता, अर्थात् डोरकास (हरिणी) भन्ने एउटी शिष्य थिइन्। तिनी असल काम गर्न र दान दिनमा लागिरहन्थिन्। ३७ ती दिनमा तिनी बिरामी भइन् र तिनको मृत्यु भयो, र मानिसहरूले नुहाइदिएर तिनलाई माथिल्लो

तलाको एउटा कोठामा राखे। ३८ लुड्डा योप्पाको नजिक भएको हुनाले, चेलाहरूले पत्रुस त्यहाँ छन् भन्ने सुनेर तिनीकहाँ दुई जना मानिसलाई यस्तो बिन्ती गर्न पठाए, "हामीकहाँ ढिलो नगरी आउनुहोस्।" ३९ तब पत्रुस उठेर तिनीहरूसँग गए। त्यहाँ पुगेपछि तिनीहरूले तिनलाई माथिल्लो कोठामा लगे। विधवाहरू सबै तिनको नजिक उभिएर रुन लागे, र डोरकास तिनीहरूसँग हुँदा तिनले बनाइराखेका पोशाक र अरू वस्त्रहरू देखाए। ४० तर पत्रुसले तिनीहरू सबैलाई बाहिर पठाएर घुँड़ा टेके अनि प्रार्थना गरे, र त्यस लाशतिर फर्केर भने, "तबीता, उठ! " अनि तिनले आँखा उघारिन्, र पत्रुसलाई देखी उठेर बसिन्। ४१ उनले तिनलाई आफ्ना हातले समाती जुरुक्कै उठाए, अनि सन्तहरू र विधवाहरूलाई बोलाएर तिनलाई जीवित प्रस्तुत गरे। ४२ अब यो कुरा सारा योप्पाभरि जाहेर भयो, र धेरैले प्रभुमा विश्वास गरे।"

**डोरकास येशूका सक्रिय चेला थिइन्। "योप्पामा तबिथा नाउँ गरेकी चेला थिइन्" (प्रेरित ९:३६ रूपान्तरित)। के यो भन्न सकिन्छ, "तपाईं रहेको शहरमा चेलाहरू छन् जो असल काम गर्ने र दानी छन्।"**

**विश्वासीहरू चर्चका सदस्यहरू थिए। विधवीहरू भन्नाले चर्चका सदस्यहरू हुन सक्छन् र चर्चका सदस्यहरू नभएको पनि हुनसक्छ। तपाईंको "योप्पामा" चर्च भित्रका र चर्चभन्दा बाहिरकाहरू पनि हुनुपर्छ। चर्चमा भएकाहरूको स्याहार सम्भार गर्दा पनि सुसमाचार प्रचार गर्ने प्रभावकारी औजार हुनसक्छ (प्रेरित २:४२-४७)। यदि सेभेन्थ-डे एडभेन्टिस्टहरूले येशूनितिमा चलेर एक आपसमा सदभाव, प्रेम र स्याहार गरे अरूहरूले देखेर भन्न सक्छन्, "हेर ती एडभेन्टिस्टहरू एक आपसमा कस्तो हेरचाह गर्छन्! "**

देहायका पदहरूमा हाम्रो निम्ति विशेष सन्देश प्रस्तुत गरिएको छ। चर्च भएको हैशियतले त्यो अनुसार चल्न किन जरुरी छ? तर कहिलेकाहीं येशूले दिनुभएको त्यस निति अनुसार चल्न किन कठिन छ? हेर्नुहोस्, यूहन्ना १३:३४,३५ "३४ एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछुः तिमीहरू एक-अर्कालाई प्रेम गर। तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक-अर्कालाई त्यस्तै प्रेम गर। ३५ यदि तिमीहरूले एक-अर्कालाई प्रेम गऱ्यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ।" र यूहन्ना १५:१२ "१२मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर।"

चर्च बाहिरका मानिसहरूको सेवा गर्न तपाईं योजना बनाउनुहुन्छ तब तपाईंको योजनाको शैली र तरिकालाई ख्याल गर्नुपर्छ।

एमी शरमान भन्ने एक जना लेखकले जब चर्चले आफूरहेको समाजको सेवा गर्न चाहन्छ भने त्यसले तिन किसिमको शैली अपनाउनुपर्छ भनेर सुझाव दिएकी छिन्।

१ आफ्नै गाउँघर शैलीः त्यसले आफ्नो चर्चको वरिपरिरहेको समूदायलाई आफ्नै समूदाय ठानी सेवा गर्नु जसरी अफ्रिकाका महिलाले आफू रहेको ठाउँलाई "योप्पा" बनाइन र त्यहाँ भएका एचआइभी तथा एडस् रोग लागेकाहरूको सेवा गर्न निधो गरिन्।

२ बगैंचे शैलीः तपाईंको चर्च रहेको क्षेत्रबाट बाहिर रहेका छिमेकीहरूलाई सुसमाचार सुनाउने योजना। बगैंचेले बगैंचा आफ्नो अर्को घर वा घरको भाग भनेर सोच्दछन्। कहिलेकाहीं विभिन्न चर्चका विश्वासीहरूको समूह बनाएर आआफ्नो चर्चको बाहिरिय समूदायमा सेवामूलक काम गर्न सहकार्य गर्न सकिन्छ। एउटा शहरमा धेरै चर्चहरू मिलेर स्वस्थ खाना बेच्ने पसल खोले। त्यस सहकार्यले गर्दा त्यहाँ नयाँ चर्चको सुरूवात भयो।

३ गोठाला शैलीः कुनै भौगोलिक क्षेत्रलाई ध्यानमा नराखि मानिसहरूको घनत्व वा धेरै मानिसहरू भएको ठाउँमा केही योजना लिएर सेवा गर्न जानु।" —रोनाल्ड जे. साइडर र अन्य. *चर्चेज दात मेक अ डिफरेन्सः रिचिङ्ग आउट योर कम्युनिटि विथ गुड न्युज एण्ड गुड वर्कस्* (ग्रान्ड रापिड, मिशिगनः बेकर बुकस्, २००२), पृ. १४६बाट रूपान्तरित।

## ५ सक्रिय चर्च (हितोपदेश १६:३)

"तिमीले गर्ने कामका सबै योजनाहरू परमेश्वरमा सुम्प। अनि तिम्रो योजनाहरू सफल हुनेछ।" (हितोपदेश १६:३ रूपान्तरित)।

मानौं तपाईंको चर्च रहेको समाजलाई सेवा गर्न तपाईंको चर्चसँग स्पष्ट परिकल्पना वा योजना छ भने तपाईंको चर्चको सबै विभागहरू एक जुटभएर योजना बनाउनु आवश्यक छ। चर्चका सबै निकायहरू मिलेर योजना बनाए

चर्चको परिकल्पना वा योजना साकार हुनसक्छ। तपाईं चर्चको "अगुवा" नभएतापनि तपाईंले सहयोग गर्न सक्नुहुन्छ। चर्चका सबै सदस्यहरूलाई चर्चको योजना र त्यसको कार्यान्वनको बारेमा थाहा दिनु असल हुन्छ। किनभने तपाईंको चर्च रहेको समाजमा गरिने सामाजिक तथा आत्मिक क्रियाकलापको सफलता चर्चका सदस्यहरूको सहभागितामा भर पर्छ।

,र्चको आदर्श योजना सफल बनाउन कमसेकम तिन स्रोतहरूमा आधारित हुनुपर्छः (१) महत्त्वपूर्ण नितिहरू बाइबल र चर्च तथा येशूको नाउँलाई उच्च शिखरमा पुऱ्याउन चाहने एलेन जी ह्वाइटका लेखहरू (२) समाजको आवश्यकताको अनुसन्धान र (३) चर्चका सदस्यहरूको सरसल्लाह। कतिपय चर्चहरूले आफ्ना सम्पूर्ण विश्वासीहरूलाई भेला गराएर सुसमाचार प्रचार गर्ने उपायहरू र आफ्नो चर्चलाई कसरी उत्थान गर्ने भन्ने योजनाहरू कसरी तर्जुमा गर्ने भनेर ती सदस्यहरूसँग बिचारबिमर्स गर्दछन्। तिनीहरूसँग भएको आइडिया वा अवधारणाहरू र सपनाहरू जम्मा गर्दछन्। (सुसमाचार प्रचार गर्ने योजना बनाउँदा चर्चका सदस्यहरूलाई समावेश गरियो र तिनीहरूलाई पनि संलघ्न गराउन सकियो भने सुसमाचार कार्यक्रम प्रभावकारी हुनसक्दछ-अनुवादकको मनतव्य)।

तपाईंको चर्चले निर्धारण गरेको लक्ष्यलाई साकार पार्न कस्तो निर्णय गर्नुपर्छ र योजनाहरू बनाउनुपर्छ भनेर लूका १४:२५-३५ले कसरी बताउँछ? पढ्नुहोस्: "२५ मानिसहरूको ठूलो भीड उहाँको साथ जाँदैथियो, र उहाँले फर्केर तिनीहरूलाई भन्नुभयो, २६ "यदि कोही मकहाँ आउँछ, र आफ्ना बुबा, आमा, पत्नी, छोरा-छोरीहरू र दाजुभाइ, दिदी-बहिनीहरूलाई र आफ्नै प्राणलाई समेत तुच्छ ठान्दैन भने, त्यो मेरो चेला हुन सक्दैन। २७ जुन व्यक्ति आफ्नो क्रूस बोकेर मेरो पछि लाग्दैन, त्यो मेरो चेला हुन सक्दैन। २८ "तिमीहरूमध्ये कसैले एउटा धरहरा बनाउने इच्छा गर्छ भने, त्यो धरहरा बनाई सिद्ध्याउने खर्च आफूसित छ कि छैन भनी के त्यसले पहिले नै बसेर हिसाब लाउँदैन र? २९ नत्र भने त्यसले जग बसालेपछि सिद्ध्याउन सकेन भने, देख्नेहरू सबैले यसो भनेर त्यसको गिल्ला गर्न लाग्नेछन्, ३० "यस मानिसले बनाउन त थाल्यो तर सिद्ध्याउन सकेन।" ३१ कुन राजा होला जसले अर्को राजासँग लड़ाइँ गर्न जाँदा आफ्नो साथ भएका दश हजारले त्यसको विरुद्ध आउने बीस हजारसँग लड़ाइँ गर्न सक्छु कि सक्दिनँ भनी पहिले बसेर सल्लाह गर्दैन? ३२ तिनले नसक्ने हो भने, त्यो अर्को राजा टाढ़ै हुँदा मिलापको शर्त सोध्न राजदूत

पठाउनेछ। ३३ यसकारण तिमीहरूमध्ये जसले आफूसित भएका सबै थोक त्याग्दैन, त्यो मेरो चेला हुन सक्दैन। ३४ नून असल हो, तर नून अलिनो भयो भने केले त्यो नुनिलो हुने? ३५ त्यो न त जमिनको निम्ति न खानको निम्ति काम लाग्ने हुन्छ। मानिसहरूले त्यसलाई मिल्काइदिन्छन्। जसको सुन्ने कान छ, त्यसले सुनोस्"

**समाजको बृहत्तर (ठूलो) आवश्यकतालाई पूरा गर्न धेरै तरिकाहरू अपनाउनुपर्छ भनेर सोच्दा तपाईंले यो भन्न सक्नुहुन्छः "त्यो काम गर्न ठूलो योजना र धेरै समय लाग्न सक्छ। हामीले छोटो गरेर आफ्नो काम सिध्याऔं।" येशूका चेला हुन चाहन्छ र उहाँले दिनुभएको आदेश पूरा गर्न लक्ष्य बनाउन चाहन्छ भने त्यस खालको धारणा उहाँको सामु अमान्य छ भनेर उहाँले भन्नुभएको दुई अर्तीकथाहरूले बताउँछन्। हामीहरूको लक्ष्य हासिल गर्न हामीले राम्रोसँग योजना बनाउनुपर्छ र होशियारसाथ अध्ययन गरेरमात्र अघि बढ्नुपर्छ। योजनवद्ध र चरणबद्धले चर्च चल्नु अनिवार्य छ। चर्च छ भनेर हप्ताको एक दिन चर्चको ढोका खोल्ने र बाँकि दिनहरूमा हराउने नभएर त्यस चर्चलाई कसरी व्यवस्थित ढँगले संचालन गर्ने भन्ने सोचाइ सबै अगुवाको हुनुपर्छ। त्यसलाई असल तथा कुशल भण्डारेपन (स्टुवार्डशिप- stewardship) पनि भनिन्छ। लूका १४:३४मा उल्लेख गरेको नुनको स्वाद भनेको विश्वासिलो र भरपर्दो हुनु हो। ती बिना हामीहरू जतिसुकै येशूका उपासकहरू हौं वा क्रिश्चियन हौं वा (जय मसीह भन्छौं) भनेर दावी गरेतापनि, हामीहरूले गर्ने कुनै पनि सेवाकार्यहरू सबै अर्थहिन र बेकारको हुन्छन्। हामीहरू गम्भिर भएर परमेश्वरको विश्वासिलो र भरपर्दो उपासक हुनु जरुरी छ। यदि ती गुण हामीहरूमा भयो भने हामीहरूले गर्ने सेवाकार्यहरू आशिषमय र प्रभावकारी हुनसक्छ।**

आफ्नो गाउँघर वा शहरमा सुसमाचार प्रचार गर्न तपाईं जोशमा लाग्नुभन्दा पहिले चर्चसँग मिलेर योजनावद्ध र सुसंगठित रूपमा चल्दा उपलब्धीमूलक हुन्छ भन्ने सोचमा तपाईं पुग्नुभएको छ भने त्यसै अनुसार चल्न तपाईं के के गर्नुपर्छ?

**उपसंहारः**

यस अध्यायलाई बुझाउन थप जानकारीः **व्यवस्था १५:११, अय्यूब २९:११-१७, हितोपदेश १४:३१, हितोपदेश १९:१७, प्रेरित ३:६, याकूब १:२७-२:५**

र एलेन जी ह्वाइटको *वेलफेयर मिनिस्त्रीको* पृ. ३२७-३३८को "पायोनियरिङ्ग इन अस्ट्रेलिया।"

येशू ख्रीष्ट जस्तै पावल पनि मानिसहरूको आवश्यकताप्रति संवेदनशील भएका थिए। ग्रीक देशको एथेन्स भन्ने शहरमा प्रचार गर्ने क्रममा पावल जाँदा त्यहाँका बुद्धिजिवीहरू भेला हुने थलो मार्स हिलमा गएर बहस गरेको प्रख्यात कथा पढ्न सक्छौं। मूर्ती नै मूर्तीले भरिएको शहरमा पावल पुग्दा उनको हृदय अत्यन्त बिचलित भएको थियो भनेर प्रेरत १७:२३ले बताउँछ। त्यसबेला उनी शिक्षित वर्गहरूसँग छलफल गर्न पुगेका थिए र बजारमा जो कोही पनि उनलाई भेटेर छलफल गर्न सक्थ्यो। तिनीहरूको आवश्यकता र विषयवस्तुलाई पावलले पहिचान गरेका थिए। त्यहाँ नाउँ थाहा नभएको देवताको मूर्ती थिए-त्यो हुनु नै मानिसहरूको हृदयमा प्वाल पारिरहेको छ वा तिनीहरूको हृदयले सत्यको चाहना गरेको थियो भनेर उनले महसुस गरेका थिए। सत्य परमेश्वरलाई चिनेर आफूले बनाएका वा आविश्कार गरेका बेकारका मूर्तीहरूलाई देवता भनेर पूजा गर्न रोक्नुपर्ने उनलाई थाहा भएको थियो। त्यसकारण यहूदी शभाघर वा सिनिगगमा उनले प्रचार गर्न सुरू गरे जहाँ यहूदी र अन्य जाति वा गैर-यहूदी अर्थात् अरू जातका मानिसहरूले परमेश्वरको आराधना गर्दथे (प्रेरित १७:१७ रूपान्तरित)।

त्यसको अर्थ पावलले आफूले पाएको अवसरको फाइदा उठाए र मानिसहरूलाई सुसमाचार प्रचार गर्न आफ्नो हात बढाए। मानिसहरू जहाँ थिए त्यही भेट्न पावलले प्रयास गरेका थिए। मानिसहरूसँग सिनिगग वा यहूदी धर्मस्थल र बजारमा उनले छलफल गरे। त्यस सहरका कतिपय मानिसहरूले तिनीहरूले मानेका भन्दा अरू कुनै महाशक्ति भएको परमेश्वर थियो भनेर तिनीहरूले विश्वास गरेका थिए। त्यसै कारण तिनीहरूले "अपरिचित परमेश्वरको निम्ति बेदी" भनेर पूजा गर्ने छुट्टै थलो बनाएका थिए। त्यसैलाई मध्यनजरमा राखेर पावलले परमेश्वरतर्फ ती मानिसहरूको ध्यानाआकर्षण यसरी गराउन खोजे "तपाईंहरूले नजानि पूजा गरेका परमेश्वरको बारेमा म भन्न चाहन्छु" (प्रेरित १७:२३ रूपान्तरित)। उनले तिनीहरूको कवीको कविताको पनि सही धारणालाई उदृध गर्दै उनले व्यक्त गरे "हामी सबै उहाँका सन्तान हौं" (प्रेरित १७:२८ रूपान्तरित)। मानिसहरू जहाँ थिए त्यहींबाट उनले तिनीहरूको मूर्तीबाट जीवित परमेश्वर र पुनरुत्थान भएको येशूतिर तिनीहरूको नजर उठाउन प्रयास गरेका थिए। त्यसकारण पावलको तरिकामा मानिसहरूको

**आवश्यकताको बारेमा जान्नु र त्यसलाई पहिचान गरेर तिनीहरूको चाहनामा ध्यान पुऱ्याउनु समाबेश भएको हामी पाउँछौं।**

**चिन्तनमनन:**

अ. "शान्ति र खुशी हुने उपायहरू येशूले मानिसहरूलाई सिकाउनुभएको थियो। मानिसहरूको आत्मिक आवश्यकताप्रति जस्तै शारिरीक आवश्यकतामा पनि उहाँ चिन्तित हुनुहुन्थ्यो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, ३६५बाट रूपान्तरित। आत्मिकमात्र होइन अरूहरूको भौतिक आवश्यकताहरूको पनि सेवा गर्नुपर्छ भनेर उपरोक्त कथनले हामीलाई के बताउँछ?

आ जब सुसमाचारको निम्ति मानिसहरूकहाँ जान्छौं तब हामीहरूको महत्त्वपूर्ण लक्ष्य के हो सो नबिर्सन हामीले कस्तो सतर्क अपनाउनुपर्छ? हामीहरूको अत्यन्त महत्त्वपूर्ण लक्ष्य के हो? त्यसको बारेमा चिन्तन गर्नुहोस्।

इ हामीहरू काममा व्यस्त हुँदा आइपर्ने हस्तक्षेपहरूलाई बाधा नठानी परमेश्वरको सुसमाचार सुनाउने अवसरको रूपमा हामी लिनुपर्छ भनेर हामीले कसरी सिक्ने? गलाती २:२०ले त्यस धारणालाई बुझ्न कसरी सहयोग गर्दछ? हेर्नुहोस्: " २० म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो।"